मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २०५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ ३० गते बुधवार (Wednesday, 12 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कोशी प्रदेश: ४५% जनसंख्या बीमाको पहुँचमा

**काठमाडौँ, जेठ २९।** कोशी प्रदेशमा ४५ दशमलव १६ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको पाइएको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको कोशी प्रदेशको आर्थिक तथा वित्तीय अवस्था प्रतिवेदनमा उक्त जानकारी उल्लेख छ।

त्यस्तै हाल देशभर बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ११ हजार पाँच सय ९४ वटा रहेकोमा कोशी प्रदेशमा मात्र १६ दशमलव ०६ प्रतिशत अर्थात् एक हजार आठ सय ६२ वटा शाखा छन्। बैंक तथा वित्तीय

*(बाँकी अन्तिम पृष्ठमा)*

## वैदेशिक रोजगारी: अझै रोकिएन ठगी

**अमेरिका, कम्बोडिया, न्युजिल्यान्ड, अमेरिका, फ्रान्स र युरोप पठाइदिने भन्दै रु. १५ करोड ठगी**



**काठमाडौं, जेठ २९।** अमेरिका, कम्बोडिया, न्युजिल्यान्ड र फ्रान्स लगायतका देश पठाइदिन्छु भन्दै करिब १५ करोड रकम ठगी गर्ने पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मंगलवार पत्रकार सम्मेलन गरी पक्राउ पर्नेहरूलाई सार्वजनिक गरेको हो। तीन सय जना भन्दा बढी मानिसहरूसँग अमेरिका, कम्बोडिया, न्यूजिल्यान्ड, फ्रान्स लगायतका देशहरूमा पठाइदिने भन्दै १५ करोड रुपैयाँ ठगी गर्ने पाँच जनालाई अनुसन्धानको क्रममा पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयलका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले जानकारी दिए। उनले पक्राउ पर्नेहरूमा चितवन जिल्ला भरतपुर महानगरपालिकाका २८ वर्षीय राजकुमार भट्ट, कास्की जिल्ला माछापुच्छे गाउँपालिकाका २२ वर्षीय नवीन विक र कास्की जिल्ला पोखरा महानगरपालिकाका २३ वर्षीय पवन पन्त रहेका छन्।

अमेरिका पठाउने भन्दै ठगी गर्ने सोलुखुम्बू जिल्ला घर भएका ४६ वर्षे नारायणकुमार खड्कालाई पनि प्रहरीले पक्राउ गरेको छ। वैदेशिक रोजगारीको प्रलोभन देखाएर ३ सय जनाभन्दा बढीलाई ठगी गर्ने कार्यमा संलग्न भएर उनीहरुले विगत ३/४ वर्षयता ३०० जनाभन्दा बढी मानिसबाट ५ देखि १० लाखका दरले १५ करोड भन्दा बढी ठगी गरेको उनले जानकारी दिए।

उनीहरूले फेसबुक म्यासेन्जर, ह्वाट्सएपलगायतका सामाजिक सञ्जालमा नक्कली खाता खोलेर वैदेशिक रोजगारीका लागि कम्बोडिया, न्युजिल्यान्ड, फ्रान्स लगायतका देशमा लैजाने भनेर

*(बाँकी अन्तिम पृष्ठमा)*

शैक्षिक गुणस्तर सुधार्न बिर्तामोडमा 'सिकाइ उपलब्धि सुधार अभियान'

## विद्यालय नमूनाउन्मुख बन्दै

सुरेन्द्र भण्डारी

**झापा, जेठ २९।** शैक्षिक गुणस्तर सुधारका लागि बिर्तामोड नगरपालिकाले 'सिकाइ उपलब्धि सुधार अभियान २०८१' शुरु गरेको छ।

अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयका विषयगत शिक्षकहरुबाट नगरस्तरीय नौ सदस्यीय विषयगत सञ्जाल तयार गर्दै शैक्षिक सुधार अभियान २०८१ शुरु गरेको हो। समितिले नगरको शैक्षिक गुणस्तर सुधारका लागि के के गर्न सकिन्छ भन्ने विषयमा प्रतिवेदन तयार गरी नगर शिक्षा समितिमा पेश गर्नेछ। समितिले पेश गरेको प्रतिवेदनका आधारमा नगरपालिकाले शैक्षिक सुधारका कार्यक्रम अघि बढाउने शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तिलचन भण्डारीले बताए। शैक्षिकसत्र २०८१ लाई बिर्तामोड नगरपालिकाको 'शैक्षिक उपलब्धि सुधार अभियान बर्ष' का रुपमा लिएको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख भण्डारीको भनाइ छ।

सिकाइ उपलब्धी सुधार अभियान २०८१ अन्तर्गत शाखा प्रमुख भण्डारीकै संयोजकत्वमा नगरस्तरीय विषयगत सञ्जाल तयार गरिएको छ। सो समितिले शैक्षिक सुधार योजना निर्माणको काम शुरु गरेको बताइएको छ। नगरस्तरीय सञ्जालको सदस्यमा लीला भण्डारी (गणित), उमानाथ भण्डारी, टीका पोखरेल (नेपाली), दीपक लुइँटेल (सामाजिक),



धर्मेन्द्र भट्टराई (अंग्रेजी), तुलसीराम खरेल (विज्ञान), उत्तम खनाल (प्याव्सन) र सदस्य सचिवमा केशरबहादुर खवास (बिर्तामोड नगरपालिका) रहेका छन्।

नगरस्तरीय विषयगत सञ्जालले बिर्तामोड नगरपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि २१ बुँदे प्रतिबद्धतापत्र समेत सार्वजनिक गरेको छ। शिक्षकहरुले विषयगत औसत सिकाइ उपलब्धि न्यूनतम् एक अङ्कले बृद्धि गर्नुपर्ने, पाठ्यक्रमले निर्धारण गरेका विषयगत सिकाइ सक्षमता पूरा गर्न प्रतिबद्ध रहनुपर्ने, विद्यालयको विषयगत समितिमा मासिक रुपमा छलफल तथा अन्तरक्रिया गरी सिकाइ उपलब्धि सुधारमा सक्रिय सहभागी बन्नुपर्ने, शिक्षण सिकाइ क्रियाकलापका नवीनतम् विधि र असल अभ्यासहरुको प्रयोग गर्दै एक अर्कामा आदान प्रदान गर्नुपर्ने, बाल मनोविज्ञान अनुरुप बालमैत्री शिक्षण सिकाइ क्रियाकलापको प्रयोग गर्नुपर्ने प्रतिवद्धता-पत्रमा उल्लेख छ।

शिक्षण सिकाइमा आइसीटीको अधिकतम् प्रयोग गर्नेछु - प्रतिबद्धतापत्रमा भनिएको छ- विद्यार्थीहरूको बिषयगत क्लब गठन गरी त्यसमार्फत उनीहरूको प्रतिभा तथा क्षमताको प्रष्फुटन गराउन कम्तीमा एकपटक प्रदर्शनीको आयोजना गर्ने, शैक्षिक सामग्री सङ्कलन, निर्माण, उपयोग र संरक्षणमा विशेष जोड दिनुपर्ने, कक्षाकोठामा प्रदर्शन पाटीको व्यवस्था गरी सोको सजावटमा बिद्यार्थीहरूलाई प्रोत्साहन गर्नुपर्ने, विद्यालयको सिकाइ मैत्री वातावरण निर्माणमा सक्रिय सहभागी हुनुपर्नेछ।

बिर्तामोड नगर क्षेत्रभित्र रहेका १८ वटा सामुदायिक विद्यालय र दुई वटा धार्मिक विद्यालयमा विषयगत समिति गठन गरी पठाउन नगरपालिकाले सबै विद्यालयलाई निर्देशन दिएको छ।

नगरपालिकाले साङ्गवेद संस्कृत विद्यालयका शिक्षक झलक प्रसाद काफ्ले (नेपाली), दुर्गा माध्यमिक बिद्यालयका शिक्षक लक्ष्मणप्रसाद शिवाकोटी, (अंग्रेजी), महेन्द्ररत्न माविका शिक्षक लक्ष्मीप्रसाद प्रसाई (विज्ञान), देवी माध्यमिक विद्यालयका

*(बाँकी अन्तिम पृष्ठमा)*

## पहेंलो धातुसहित दुई जना पक्राउ

**झापा, जेठ २९।** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छलेर ल्याइएको अन्दाजी २५ ग्राम सुनजस्तो देखिने पहेँलो धातुसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पाँचथर फालेजुङ गाउँपालिका-३ घर भएका ३२ वर्षीय दिलु सुब्बा र सिन्धुली कमलामाई नगरपालिका-५ घर भई हाल काठमाडौँ महानगरपालिका-३२ बस्ने ३९ वर्षीय भविमान ठोकर रहेको नेपाल प्रहरीद्वारा सार्वजनिक समाचार बुलेटिनमा उल्लेख छ।

हिमालयन एयरलाइन्सको उडानद्वारा दुबईबाट काठमाडौँ आएका सुब्बालाई भन्सार छली गर्न लगाई ठोकरले सिक्री एक थान, आइफोन १३ प्रो म्याक्स एक थान, रेडमी मोबाइल तीन थान, डेल ल्यापटप दुई थान र एक थान एयरपोड प्रो चारसहितको सामग्री सङकलन गरी लैजान लागेको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सोमवार पक्राउ गरिएको हो।

पक्राउ परेका दुवै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचरमा बुझाइएको प्रहरीले जनाएको छ।

## धान नबिकेपछि किसान चिन्तित

**झापा, जेठ २९।** गत चैतमा उत्पादित चैते धान नबिकेपछि झापाको कचनकवल गाउँपालिकाका किसान चिन्तित बनेका छन्। केही समयअघि स्थानीय व्यापारीलाई किसानले प्रतिमन रु. एक हजार ५० देखि रु. एक हजार दुई सयसम्ममा धान बिक्री गरे पनि हाल बिक्री ठप्प भएको कचनकवल गाउँपालिका-२ का किसान दुर्गाप्रसाद थापाले बताए।

मिललाई धान पर्याप्त भएको हो वा किन हो थाहा भएन, दुई दिनदेखि बिक्री ठप्प छ- उनले भने- किसानले धान बाटोमा पोख्नुपर्ने अवस्था आइसकेको छ। खेतमा धान पाकेर अलपत्र परेको उनले बताए। धान सुपरजोन समन्वय समितिका सदस्य समेत रहेका उनले किसानलाई सरकारले प्रोत्साहन गरेकै कारण उत्पादन बढ्ने बताए। उनले किसानले उत्पादन गरेको धानको उचित व्यवस्थापन सरकारले गर्नुपर्नेमा जोड दिए।

करिब तीन बिघा क्षेत्रफलमा चैते धानखेती गरेका कचनकवल-३का अर्का किसान तोयानाथ मिश्रले यो वर्ष दुई सय ५० मन धान उत्पादन हुने अनुमान गरेका छन्। शुरु-शुरुमा रु. एक हजार दुई सय प्रतिमन धान बिक्री भयो, सबैतिर



धान पाक्न थालेपछि अहिले प्रतिमन रु. नौ सय भएको छ- उनले भने। एक बिघाको धान काटेर थुपारेका उनले व्यापारीले धान धेरै भयो, मिलले किन्न मानेन भनेर मूल्य कम दिनुका साथै अहिले बिक्री नै ठप्प भएको बताए। एक साताभित्र धानको मूल्य प्रतिमन रु. तीन सयले घटेको उनको भनाइ छ।

चैते धानमा चिस्यान बढी हुने भएकाले भण्डार गरेर राख्ने अवस्था नरहेको किसान बताउँछन्। मूल्य कम पाए पनि बेच्नैपर्ने बाध्यता रहेको उनीहरूको भनाइ छ। विगत एक दशकदेखि धान सुपरजोन घोषणा भएपछि कचनकवल क्षेत्रमा धान उत्पादन वृद्धि भएको छ। किसानले धान उत्पादन गरे पनि उचित मूल्य नपाउँदा कि धान कुहिएर जाने अवस्था छ, कि त जतिमा भन्यो त्यतिमा बेच्नुपर्ने बाध्यता छ- किसान मिश्रले गुनासो गरे- नबेच्दा पनि उपाय छैन, अहिले किसानलाई निकै घाटा हुने अवस्था छ।

नेपालमा बर्षेनि धान आयात भइरहेको अवस्थामा उत्पादन गरेको धानले मूल्य नपाउनु र कुहिएर जाने अवस्था आउनु विडम्बना रहेको मिश्र बताउँछन्। गतचैत १५ गते मन्त्रिपरिषद्को बैठकले चालू आर्थिक वर्ष २०८०/०८१का लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्वीन्टल दुई हजार सात सय सात रुपैयाँ २८ पैसा तोकेका थियो।

त्यस्तै, १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रतिक्विन्टल एक हजार दुई सय ग्रामका दरले हुन आउने तौल घटाई कायम हुन आउने तौलका आधारमा न्यूनतन समर्थन मूल्य कायम गर्ने निर्णय गरेको थियो। तर, अहिले सरकारले तोकेको समर्थन मूल्यभन्दा पनि काम मूल्यमा किसान धान बेच्न बाध्य हुनुका साथै बिक्री समेत नहुँदा चिन्तित बनेका छन्।

## पूर्वाञ्चलकर्मी कटुवाललाई पितृशोक



**लक्ष्मीपूर, जेठ २९।** पूर्वाञ्चलकर्मी पूर्णबहादुर कटुवाल (पिके सर) लाई पितृशोक परेको छ। कटुवालका ९३ वर्षीय बुबा भक्तबहादुरको मंगलवार निधन भएको हो।

कनकाई नगरपालिकास्थित दुर्गापुरको भृकुटी माध्यमिक बिद्यालयका शिक्षक समेत रहेका पूर्णबहादुर पूर्वाञ्चल दैनिकका स्तम्भकार समेत हुन्।

१९८८ साल फागुन १९ गते जन्मिएका भक्तबहादुर केही समयअघिदेखि श्वासप्रश्वास सम्बन्धि रोगबाट पीडित थिए। कनकाई नगरपालिका-८ स्थित लक्ष्मीपुरमा स्थायी बसोवास रहेको कटुवालको जन्मस्थान पाँचथरको थर्पू हो। कटुवालका श्रीमती देउकुमारी सहित चार/चार जना छोरा/छोरी रहेका छन्। छोराबुहारीमा पूर्णवहादुर-विमला, बलबहादुर- कमला, गजेन्द्र-पवित्रा, हेमन्त-अञ्जना कटुवाल रहेका छन्।

चार जना छोरी ज्वाइँहरुमा धनमाया- हरि कोइराला, चन्द्रमाया- अमर खड्का, इन्दिरा- कृष्ण कार्की र बिना-मदन थापा रहेका छन्। उनका १८ जना नातिनातिना रहेको पारिवारिक श्रोतले जनाइएको छ। कटुवालको सामाजिक परम्परा अनुसार कनकाई माईमा मंगलवार नै अन्तिम संस्कार गरिएको छ।

**विहानको समय रोजगारीको अवसर**

**तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ? यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं।**

- **पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास।**
- **अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ।**
- **साथै शनिश्चरे आसपास क्षेत्रको वासिन्दा हुनु पर्ने छ।**
- **दिउँसो स्कूल पढ्नेहरूले समेत काम गर्न सक्नेछन्।**

**सम्पर्क : ९८१६९८१०१७ / ९८४२६३४७४०**

**कोशी प्रदेश सरकारको सहयोगले व्यावसायिक बन्दै पाँचथरका युवा**

## कृषि विकासमा २५ करोड अनुदान

जीतबहादुर भण्डारी (जीतेन्द्र)

**पाँचथर, जेठ २९।** परम्परागत रुपमा पुर्ख्यौली कृषि पेशा गर्दै आएका जिल्लाका किसानहरुले विगतमा प्राविधिक सेवा, परामर्श अनि कृषि उपजको बजारीकरण जस्ता समस्यामा भरपर्दो सहयोग पाइरहेका थिएनन्। पाए पनि सीमित रुपमा थियो, सबैको पहुँच हुँदैन थियो।

मुलुक संघीय संरचनामा गएपछि भने स्थानीय सरकारहरु पनि बलिया भए। स्थानीय सरकारका रुपमा पालिकाहरु अनि नजिकको अर्को सरकारका रुपमा प्रदेश सरकार अस्तित्वमा आएपछि उनीहरुलाई सहयोग पुग्ने धेरै कामहरु भएका छन्। सहयोग पाएपछि कृषकहरु व्यावसायिक बन्न थालेका छन्। कोशी प्रदेश सरकारले पूर्वी पहाडी जिल्ला पाँचथरका कृषकहरुलाई सहयोग पुऱ्याएपछि कृषकहरु दंग परेका छन्। प्रदेश सरकार अन्तर्गत उद्योग, कृषि तथा सहकारी मन्त्रालयले कृषि ज्ञान केन्द्र फिदिम, पाँचथरमार्फत् कृषकहरुलाई विभिन्न अनुदान दिएर कार्यक्रम प्रदान गरेपछि कृषकहरु उत्साहित बनेका हुन्।



कृषि ज्ञान केन्द्र पाँचथरबाट मात्रै कृषकहरुले ५ वर्षको अन्तरालमा २५ करोड ७५ लाख रुपैयाँको अनुदानमार्फत् कार्यक्रम पाएका छन्। आर्थिक वर्ष २०७६/०७७मा ५ करोड ९७ लाख रुपैयाँ, आव ०७७/०७८मा ४ करोड ६४ लाख रुपैयाँ, ०७८/०७९ मा ८ करोड ६३ लाख रुपैयाँ,०७९/८० मा ४ करोड ५६ लाख रुपैयाँ, अहिलेको आव ०८०/०८१ मा १ करोड ९५ लाख रुपैयाँ रकमको अनुदान कृषकहरुलाई दिइएको छ।

हिलिहाङ गाउँपालिका-७का डिल्लीराम रिजालले यसअघि कुनै पनि कार्यालयबाट कृषि क्षेत्रमा व्यावसायिक रुपमा लाग्दा समेत अनुदान पाएका थिएनन्। उनलाई कृषकहरुले पनि अनुदान पाउँछन् भन्ने समेत थाहा थिएन। तर, उनले गत आ.व. ०७६/०७७मा कृषि ज्ञान केन्द्र पाँचथरले अनुदानमार्फत् विभिन्न कार्यक्रम कृषकहरुलाई दिइने सूचना थाह पाए। त्यसपछि उनले पनि कार्यालयमा गएर राजमार्ग लक्षित तरकारी खेती कार्यक्रम गर्ने प्रस्ताव पेश गरे। प्रस्ताव राम्रो लागेर कार्यालयले पनि उनको प्रस्तावनालाई छनौट गरिदियो। छनौटमा परेपछि उनले २ लाख रुपैयाँको अनुदान रकम पाए।

उक्त रकमबाट उनले ५ वटा प्लाष्टिक टनेल, ३ वटा प्लाष्टिक पोखरी, सिञ्चाई गर्न पाइप खरिद गरे। जसले गर्दा उनले खेती गरेको तरकारी बालीमा ठूलो सहयोग पुग्यो। आव ०७९/०८०मा प्याज खेती प्रवर्द्धन कार्यक्रम गर्नका लागि १ लाख रुपैयाँ रकम अनुदान प्राप्त गरे। त्यसबेला पनि उनले २ वटा प्लाष्टिक पोखरी, सिँचाईको लागि पाइप, बीऊ खरिद गरी काम गरे। उनलाई त्यो अनुदान रकमले कृषि क्षेत्रमा काम गर्न धेरै सहज भएको छ। कृषक रिजाल भन्छन्- 'आफैँले गर्न पैसा थिएन तर कोशी प्रदेश सरकारले कृषि ज्ञान केन्द्र पाँचथरमार्फत् अनुदान रकम दियो। त्यसले प्याज, गोलभैंडा खेती तथा तरकारी खेती गर्न हामीलाई सहज भएको छ।'

अहिले उनले उत्पादन गरेको गोलभैंडा, प्याज बारीमै आएर व्यापारीले उठाएर लैजाने गरेका छन्। उनले सबै खर्च कटाएर वार्षिक ३ लाख रुपैयाँ आम्दानी गर्ने गरेका छन्। उनले कृषि क्षेत्रमै छोराछोरीलाई पनि कृषि प्राविधिक सम्बन्धी विषय नै पढाएका छन्। छोरीलाई आइएसी एजी गरेर बिहे गराइदिए। यस्तै, छोरा किशोरलाई जेटिए पढाए। अहिले उनी हिलिहाङ गाउँपालिकामै जागिर खाइरहेका छन्। उनी भन्छन्- 'हामीलाई प्रदेश सरकारले कोल्ड स्टोर निर्माण गरिदिनुपऱ्यो, जसले गर्दा हामीले भाउ आएको बेला मात्रै तरकारी बिक्री गर्न सक्छौं, राज्यले अनुदानमार्फत् सामान तथा रकम त दियो, हामी खुशी नै छौँ तर अब

*(बाँकी अन्तिम पृष्ठमा)*

'शिक्षा जीवनको ज्योति हो, जगाऔं सबै मिली'

**इन्द्रचन्द्र क्याम्पस**

विर्तामोड, झापाको

मिति २०८१।०२।२९

**सूचना ! सूचना !! सूचना !!!**

यस इन्द्रचन्द्र क्याम्पस, बिर्तामोड-६, झापाको स्थापनाको ११औं वर्षको अवसरमा यस क्याम्पसमा अध्ययनरत जेहेन्दार, विपन्न, सीमान्तकृत, द्वन्द्व पीडित एवम् दलित विद्यार्थीहरुको शैक्षिक यात्रालाई उत्प्रेरणा प्रदान गर्ने तथा क्याम्पसमा भविष्यमा आइपर्न सक्ने विपद् व्यवस्थापनलाई समेत सम्बोधन गर्ने मूल उद्देश्यका साथ यस क्याम्पसमा विद्यार्थी कल्याण अक्षयकोष स्थापना गर्न लागिएको छ। यस अक्षय कोषमा आफ्नो मन, वचन र कर्मले सहयोग गर्न सम्पूर्णदाता महानुभावहरुमा सहर्ष जानकारी गराउदै यो सूचना प्रकाशित गरिएको छ।

**प्रकाश दाहाल: क्याम्पस प्रमुख**



[redacted]

## कोशी ...

संस्थामा रहेको कूल निक्षेपको सात दशमलव १३ प्रतिशत अर्थात् रु. चार खर्ब ४१ अर्ब बराबर कोशी प्रदेशमा छ । त्यस्तै कूल कर्जाको ११ दशमलव २६ प्रतिशत अर्थात् रु. पाँच खर्ब ७२ अर्ब ऋण कोशी प्रदेशमा विस्तार भएको छ । अहिले समग्र बैंकिङ प्रणालीबाट रु. ६१ खर्ब ८७ अर्ब बराबर कर्जा र ५० खर्ब ८४ अर्ब बराबर कर्जा विस्तार भएको राष्ट्र बैंकले जनाएको छ ।

यस प्रदेशमा २२ हजार एक सय सात जनाले सहुलियतपूर्ण कर्जा लिएका छन् । जसमा रु. ३४ अर्ब दुई करोड ५२ लाख बराबर सहुलियत कर्जा स्वीकृत भएको छ । सबैभन्दा बढी महिला उद्यमशीलता कर्जा १२ हजार आठ सय ६३ जना र व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा आठ हजार नौ सय २२ जनाले लिएका छन् । कूल सात लाख ७९ हजार पाँच सय ८४ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेको यो प्रदेशमा सात लाख दुई हजार ४१ हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ भने कूल सिञ्चित क्षेत्रफल तीन लाख १५ हजार आठ सय ११ हेक्टर रहेको छ ।

चालू आर्थिक वर्ष २०८०/०८१मा कोशी प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु. नौ खर्ब तीन अर्ब बराबर रहने अनुमान गरिएको छ भने आर्थिक वृद्धिदर तीन दशमलव ५१ प्रतिशत अनुमान गरिएको छ । कोशी प्रदेशको प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन एक हजार तीन सय ३६ अमेरिकी डलर बराबर छ । त्यस्तै, गरिबी दर १७ दशमलव १९ र बहुआयामिक गरिबी १५ दशमलव नौ प्रतिशत रहेको छ । मुलुकको कूल वैदेशिक व्यापारमा कोशी प्रदेशको आयातको हिस्सा १४.४४ र निर्यात हिस्सा ३९.०६ प्रतिशत बराबर छ ।

## कृषि ...

हामीले उत्पादन गरेको कृषि उपजका सामानहरु पनि राज्यले नै लगिदिए अझ राम्रो हुने थियो ।'

कृषकहरुलाई दीर्घकालीन रुपमा गरिने खेती- कफी, चिया, सजिना जस्ता बिरुवाका लागि सरकारले सहयोग गर्नुपर्ने, कृषकलाई वर्गीकरण गरी पेन्सनको व्यवस्था, कृषि उत्पादनका वस्तुहरुको बिमा, कृषक बिमा जस्ता कार्यक्रम प्रदेश सरकारले ल्याइदिए धेरै सहयोग पुग्ने उनको भनाइ छ । तीन वर्ष साउदीअरब र एक वर्ष मलेसिया बसेर पाँचथरको कुम्मायक गाउँपालिका वडा-४ रानीगाउँका रोमन चौलागाँई घर फर्किए । उनले विदेशमा गएर सिकेको सिप अहिले घर गाउँमा आएर प्रयोगमा ल्याएका छन् ।

कोशी प्रदेश सरकार (कृषि ज्ञान केन्द्र फिदिम पाँचथरले) दिएको सहयोगबाट उनले युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम अन्तर्गत अकबरे खुर्सानी र गोलभेडा खेती गर्दै आएका छन् । उनलाई आव ०७८/०७९ मा ज्ञान केन्द्रले १ लाख रुपैयाँ रकम अनुदान दिएको थियो । उक्त अनुदान रकमबाट उनले ३ वटा प्लाष्टिक टनेल र ३ क्वेल (१६ देखि २० एमएमको) पाइप खरिद गरी काम गरेका थिए ।

अहिले उनको खेतबारीमा गोलभैँडा, बन्दाकोपी, काउली, करेला, मटर, आलु, स्क्वास फर्सी लगायत छन् । उनको बारीमा १० हजार विरुवा गोलभैँडाको मात्रै छ । उनले उत्पादन गरेको गोलभैँडाको मुख्य बजार फिदिम, याशोक, झापा र करिडोरको सडक आसपास क्षेत्र हो । घरमा ६ जनाको परिवारको खर्च कटाएर उनले वार्षिक ४ लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । गर्न सक्दा विदेश जानुनपर्ने, नेपालमै पनि राम्रो कमाई गर्न सकिने उनको अनुभव छ । अब उनी बिदेश नजाने पक्षमा छन् । अरु युवाहरुलाई पनि कृषि, पशुपालन क्षेत्रमा लाग्दा राम्रो आय-आर्जन गर्न सकिने भनेर उनी बुझाइरहेका हुन्छन् ।

उनी प्रदेश सरकारको सहयोगप्रति खुशी देखिन्छन् तर पालिका, वडा सरकारले भने सोचेजस्तो सहयोग नगरेकामा अलि असन्तुष्ट छन् । कृषि क्षेत्रमा लागेको ४ वर्ष भयो, तर पालिका वा वडाले एक रुपैयाँ पनि सहयोग नगरेको उनको गुनासो गर्छन् । अहिले उनलाई हाते ट्याक्टर, केही प्लाष्टिक पोखरीको अभाव छ ।

भारत, चीन लगायतका देशबाट तरकारी आयात भइरहेको अवस्थामा त्यसलाई प्रतिस्थापन गर्न स्थानीय किसानलाई प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ । स्वदेशमै पर्याप्त उत्पादन हुन सके आयात रोक्न सकिने र यसले किसानलगायत सबैलाई फाइदा पुग्ने उनले बताए । बजारीकरणमा सरकार र उसका निकायहरुले सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

यस्तै, पाँचथरको फिदिम-२का चूडामणि काफ्लेले सिंहदेवी कृषि फर्ममार्फत आव ०७७/०७८ मा मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम अन्तर्गत २ लाख रुपैयाँ अनुदान रकम पाएका थिए । उनले उक्त रकमबाट प्लाष्टर गरिएको पोखरी निर्माण, प्लाष्टिक टनेल निर्माण तथा सिञ्चाईको लागि पाइप समेत राखेका थिए ।

२०५२ सालदेखि कृषि क्षेत्रमा लागेका उनी अहिले पनि कृषि क्षेत्रमै ब्यावसायिकता खोज्दैछन् । उनले कृषि क्षेत्रबाट भएको आम्दानीबाट झापाको बिर्तामोडमा ६० लाख रुपैयाँ लगानी गरेर घडेरी खरिद गरेका छन् भने छोराछोरीलाई उच्च शिक्षा हासिल गराएका छन् । अहिले उनले घरखर्च कटाएर वार्षिक ७ लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । उनले बारीमा बन्दा, काँक्रा, गोलभैँडा, प्याज खेती गरेका छन् । उनले उत्पादन गरेको तरकारी थोकमा फिदिम, झापासम्म लगेर बिक्री गर्ने गरेका छन् । प्रदेश सरकारले कृषि आधुनिकीकरण कार्यक्रममार्फत् प्रविधिमैत्री कार्यक्रम ल्याइदिए अझ सहज हुने उनको बुझाइ छ । माथि उल्लेख गरिएका कृषकहरु प्रतिनिधि पात्र हुन् । उनीहरु जस्ता ५ सयभन्दा बढी कृषकहरु कृषि ज्ञान केन्द्र पाँचथरले वितरण गरेको अनुदान कार्यक्रमबाट लाभान्वित बनेका छन् ।

कोशी प्रदेश सरकार अन्तर्गत कृषि ज्ञान केन्द्रबाट गतआर्थिक वर्ष ०७६/०७७ मा ६६ जना, ०७७/०७८ मा ६४ जना, ०७८/०७९मा १ सय ८० जना, ०७९/०८०मा ९५ जना र ०८०/०८१मा १ सय जना कृषकहरुले अनुदानबाट लाभ पा एका थिए ।

आर्थिक वर्ष ०७६/०७७मा कृषकहरुलाई मकै उत्पादकत्व कार्यक्रम, कागती खेती मिसन कार्यक्रम, किवी खेती प्रवर्द्धन कार्यक्रम, व्यावसायिक फलफूल बगैंचा स्थापना, सुन्तला बगैंचा ब्यवस्थापन एवम् सुदृढीकरण, पुराना रोगग्रस्त अलैची बगानको प्रतिस्थापन कार्यक्रम, नमूना अलैँची बगान स्थापना, खेर गएका सार्वजनिक जग्गाहरुमा फलफूल खेती प्रवर्द्धन कार्यक्रम, अदुवा मिसन कार्यक्रम, बीउबिजन आत्मनिर्भर कार्यक्रममार्फत् अनुदान कार्यक्रम सञ्चालन गरिएको कृषि ज्ञान केन्द्र पाँचथरले जनाएको छ ।

यसैगरी, मुख्य राजमार्गलक्षित तरकारी उत्पादन कार्यक्रम, कफी खेती विस्तार कार्यक्रम, पुराना रोगग्रस्त अलैँची बगानको प्रतिस्थापन कार्यक्रम, नमूना अलैँची बगान स्थापना, सघन बाली विकास योजना (धान, गहुँ, मकै, जैविक तथा वनस्पातिक विषादि प्रयोग विस्तार, रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको थियो ।

यसैगरी, युवा लक्षित च्याउ, मह तरकारी उत्पादन कार्यक्रम, नमूना कृषि फार्म स्थापना सहयोग, आलु भण्डारणको लागि रष्टिक स्टोर भण्डार कार्यक्रम, अलैँची सुकाउन सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम, खाद्यान्न तरकारी फलफूल प्रदर्शनी, अलैँची पकेट क्षेत्र कार्यक्रम सञ्चालन भएको थियो ।

दुई लाखदेखि ५० लाख रुपैयाँसम्मको अनुदान कार्यक्रम कृषकहरुले पाएका थिए । यस्तै आर्थिक वर्ष ०७७/०७८मा पनि कृषकहरुलाई उत्साहित हुने गरी कोशी प्रदेश सरकारले कार्यक्रम ल्याएको थियो । नमूना कृषि फर्म स्थापना सहयोग कार्यक्रम, मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम, व्यावसायिक फलफूल, बगैंचा स्थापना सहयोग कार्यक्रम, मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम सञ्चालन गरिएको थियो ।

यसैगरी, जैविक तथा वानस्पातिक विषादि प्रयोग विस्तार कार्यक्रम, सघन वाली विकास कार्यक्रम, अदुवा मिसन कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, किवी खेती प्रवर्द्धन कार्यक्रम, युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम, कृषि बजार तथा संकलन केन्द्र निर्माण, व्यावसायिक कृषि उत्पादन केन्द्र ब्लक विकास, अकबरे, सुन्तला, किवी, अलैँची, तरकारी, कफी, अदुवा, प्राङगारिक कृषि प्रर्वद्धन मिसन कार्यक्रम सञ्चालन भएको थियो ।

यस्तै ०७८/०७९मा मकै उत्पादन प्रवर्द्धन कार्यक्रम, कागती खेती मिसन कार्यक्रम, किवी खेती प्रवर्द्धन कार्यक्रम, व्यावसायिक फलफूल बगैँचा स्थापना कार्यक्रम, बीउबिजन आत्मनिर्भर कार्यक्रम, महिला दलित विपन्न तथा पिछडिएका वर्गलक्षित कार्यक्रम, युवालक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम, एक पालिका एक नर्सरी स्थापना कार्यक्रम, मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम सञ्चालन गरिएको थियो ।

तीबाहेक प्याज उत्पादन प्रबर्द्धन कार्यक्रम, नमूना कृषि फार्म स्थापना सहयोग कार्यक्रम, सुन्तला जात बगैँचा स्थापना एवम सुदृढीकरण कार्यक्रम, बाली विशेष भण्डारगृह निर्माण कार्यक्रम, कृषि सामग्री संकलन तथा प्रशोधन केन्द्र निर्माण कार्यक्रम, कृषि संकलन केन्द्र निर्माण कार्यक्रम, कृषि यान्त्रीकिकरण (मिनिटिलर), व्यावसायिक कृषि उत्पादन केन्द्र तरकारी, अलैँची, अदुवा, कफी ब्लक कार्यक्रम पनि सञ्चालन भएको थियो ।

यस्तै, ०७९/०८० मा पनि तिनै कार्यक्रमले निरन्तरता पाएका थिए भने ०८०/०८१ पनि ती कार्यक्रमको निरन्तरताका साथै विस्तार कार्यक्रम सञ्चालन भएको थियो । पाँचथरमा फर्म सञ्चालक कृषक तथा सहकारी तथा समूहमा आवद्ध कृषकहरु लाभान्वित बनेका छन् । यान्त्रीकिरणतर्फ जोत्नको लागि मिनिटिलर, पिस्नको लागि मिनि मिल, उन्नत बीउ भण्डारण र बजारीकरणको माग बढी छ । अनुदानमुखी कार्यक्रम ज्ञान केन्द्र, प्रदेश सरकारले बढाइदिए सहज हुन्छ भन्ने धारणा रहेको कृषि ज्ञान केन्द्र पाँचथरका बाली संरक्षण अधिकृत केशर मग्रान्ती बताउँछन् ।

कृषि ज्ञान केन्द्र पाँचथरका प्रमुख लक्ष्मण चौधरीले कृषकहरुको २५ प्रतिशत र कृषकको ७५ प्रतिशत अनुदानमा कृषक कार्यक्रम सञ्चालन भइरहेको बताए । प्रदेश सरकार अन्तर्गत कोशी प्रदेश सरकारले पाँचथरका कृषकहरुलाई सकेसम्मको सहयोग गरेको उनको भनाइ छ । आव ०८०/०८१ मा मात्रै १ सय ३ जना कृषकहरुलाई अनुदानमार्फत् कार्यक्रम प्रदान गरिएको उनले जानकारी दिए । आगामी दिनमा प्रदेश सरकार नवीनतम् प्रविधि भित्र्याउन लाग्नुपर्ने त्यसका लागि छुट्टै प्राविधिक वा इञ्जिनियरको व्यवस्था गर्नुपर्ने, ती नवीनतम् प्रविधिको प्रदर्शनी गर्नुपर्ने, कृषि यान्त्रीकिकरणका प्रविधिहरु भित्र्याउन सके कृषकहरुलाई धेरै सहज हुने उनले बताए ।

पाँचथरका कृषकहरुले प्रदेश सरकारसँग अनुदानको रकम बढाउन माग गरेका छन् । वर्षेनि पछिल्लो आर्थिक वर्षहरुमा अनुदानको रकम घट्दै गइरहेको हुँदा अनुदानको रकम बढाएर कृषकहरुलाई अझ बढी अनुदानको कार्यक्रम ल्याइदिन उनीहरुले माग गरेका हुन् । पाँचथरका सबै पालिकामा रहेका ६० वटा वडाहरुमा प्रदेश सरकारले कृषि प्राविधिक राखिदिए कृषि कर्मबाट अझ बढी लाभ लिन सकिने कृषक एवम् सरोकारवाला निकायको भनाइ छ ।

## बैदेशिक ...

विज्ञापन गर्दै ठगी गर्ने गरेको पाइएको अनुसन्धानमा खुलेको छ ।

पक्राउ पर्नेहरूले विभिन्न व्यक्तिहरूको खातामा रकम जम्मा गराइ फेरि उक्त जम्मा हुन आएका रकमहरू चेकमार्फत निकाल्न लगाएर भने बमोजिमका मानिसहरुलाई दिन लगाएर ठगी गर्ने गरेको खुलेको छ । प्रहरीमा नवीन चौधरीसहित १५ जनाले उजुरी दिएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो । पक्राउ पर्नेहरूले नेपालमा काम दिने बहानामा केही एकाउन्टेण्ट राखेर उनीहरूलाई समेत ठगीमा प्रयोग गरेको खुलेको छ ।

## विद्यालय ...

शिक्षक कृष्णप्रसाद पौडेल (गणित) र महेन्द्र ज्योतिका शिक्षक सरस्वती दाहाल (सामाजिक) संयोजक रहेको नगरस्तरीय विषयगत समिति समेत तयार गरेको छ ।

शैक्षिक सुधार अभियान अन्तर्गत नै बिर्तामोड नगरपालिकाले अपाङ्गता भएका विद्यार्थीका लागि सिपमूलक तालिम सञ्चालन, संस्थागत बिद्यालयमा शुल्क निर्धारण र कार्यान्वयन, संस्थागत विद्यालयका विद्यार्थीलाई १० प्रतिशत छात्रवृत्ति कार्यान्वयन, प्रारम्भिक बाल शिक्षक र विद्यालय कर्मचारीका लागि पारिश्रमिक व्यवस्थापन, नगरस्तरीय बौद्धिक प्रतिभाको प्रदर्शनी समेत गरेको बताइएको छ ।

बिर्तामोड नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा १२ हजार २ सय ३६ बिद्यार्थी अध्ययनरत् छन् । उनीहरु मध्ये माध्यमिक तह कक्षा ९का विद्यार्थीलाई सिपमा आधारित सिकाइ (वायरिङ/प्लम्बिङ) व्यवस्था गरिएको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख भण्डारीले बताए । जसका लागि स्वयम्सेवक शिक्षकको व्यवस्थापन गरिएको बताइएको छ । बिद्यार्थीलाई वर्षभरि तीस कार्यघण्टाका आधारमा प्रविधिक सिप सिकाउन शुरु गरिएको बताइन्छ ।

बालविकासदेखि कक्षा ५सम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीका लागि नगरपालिकाले निःशुल्क बिद्यालय पोशाकको व्यवस्था गरेको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख भण्डारीको भनाइ छ । निःशुल्क पोशाक पाउने विद्यार्थीको संख्या तीन हजार आठ सय ८२ रहेको छ ।

यता शिक्षकलाई प्रोत्साहन गर्न तीन तहका शिक्षकलाई नगद ५० हजार राशि सहित उत्कृष्ट शिक्षकका रुपमा पुरस्कृत गर्दै आएको बताइएको छ ।

बिर्तामोड नगरपालिकाले शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री शिक्षण सिकाइ गराउँदै आएको छ । जसका लागि आईसीटी तालिम सञ्चालन समेत गरेको छ । बालविकास कक्षामा बालबालिकाको सहज बसाइ व्यवस्थापन तथा शैक्षिक सामग्री राख्न र्‍याकको व्यवस्था, शिक्षकका लागि विभिन्न प्रकारका तालिम सञ्चालन गर्दै आएको बताइन्छ । त्यस्तै एकीकृत शैक्षिक सूचना प्रणालीको शिक्षकलाई तालिम र मागको आधारमा प्रविधिमा आधारित शिक्षकलाई सिकाइ व्यवस्थापन गराउँदै आएको भण्डारीले बताए ।

बिर्तामोडका सबै विद्यालय नमूनाउन्मुख बन्दै गएको र अभियान सञ्चालनसंगै थप सिकाइ उपलब्धि हासिल हुने भण्डारीको विश्वास छ । बिर्तामोड नगरपालिका पछिल्लो समय शैक्षिक हब बन्दै गएको छ । बिर्तामोडमा रहेका सामुदायिक बिद्यालयमा अध्ययनरत् ४० प्रतिशत विद्यार्थी नगर बाहिरका हुने गरेको भण्डारीको भनाइ छ । अहिले बिर्तामोडमा सञ्चालित सामुदायिक र संस्थागत विद्यालयमा ४० हजारको हाराहारीमा बिद्यार्थीहरु अध्ययन गर्ने गरेका छन् । सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधारसँगै विद्यार्थीको भर्ना दर समेत बढेको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख भण्डारीको भनाइ छ ।

बिर्तामोडमा सञ्चालित विद्यालयमध्ये मोहनमाया माध्यमिक विद्यालय, देवी माध्यमिक विद्यालय, महेन्द्र-रत्न माध्यमिक विद्यालय, शहीद लक्ष्मी आधारभूत विद्यालय, लक्ष्मीनारायण आधारभूत विद्यालयलाई नमूना विद्यालयका रुपमा लिन सकिने भण्डारीको भनाइ छ । बिर्तामोडमा सञ्चालित अन्य विद्यालयहरु समेत नमूना उन्मुख बन्दै गएको उनको भनाइ छ ।


**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा**
**कोशी प्रदेश (नेपाल)**

सूचना प्रकाशित मिति : २०८१/०२/३०

# वोलपत्र प्रस्ताव स्वीकृतिको आशय-पत्रको सूचना

यस कार्यालयको मिति २०८१/०१/१६ गतेको प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरुमध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई तपशिल बमोजिमको प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३को दफा २७ को उप दफा २ वमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै पनि प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिने छ ।

तपशिल :

| S.n. | Contract no | Description 0f work | Name and address of successful bidders | Accepted bid amount including Vat & ps(NRs) |
|---|---|---|---|---|
| 1. | AM/NCB/ GOODS/ 06-080/81 | Procurement and installment of Dairy equipment for Arjundhara municipality | White Himalayan Engineering | 52,98,983.58 |



**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा**
**कोशी प्रदेश (नेपाल)**

प्रथमपटक प्रकाशित मिति : २०८१/०२/३०

# आन्तरिक आयको बोलपत्र/ सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाको आगामी आ.व.२०८१/०८२ का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षकहरु अनुसारका आयमा राजश्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको निर्णयानुसार ठेक्का लिन चाहनुहुने योग्य फर्म /संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम खरिद गरी १६औं दिनको १२:०० बजेभित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नहुन सम्बन्धित सबैमा यो सूचना प्रकासन गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | ठेक्काको शीर्षक | आ.व. २०८१/०८२का लागि प्राप्त न्यूनतम अंकभ्याट बाहेक | बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | AM/IR/20 080/081 | आईतबारे बजार पशु चौपाय विक्री कर र साप्ताहिक हाट बजार कर (भिटौरीसहित) खुदुनाबारी | ४५,००,०००/- (पैतालीस लाख मात्र ) | ३०००।०० | २०८१।०३।१२ दिनको ५:०० बजेसम्म | २०८१।०३।१३ दिनको १२:०० बजेसम्म | २०८१।०३।१३ दिनको २:०० बजेपछि |
| २ | AM/IR/21 080/081 | बजार ठेक्का (खसी, बाखा, शनिश्चरे साप्ताहिक हाट बजार, कोला बजार, गोसहाट शनिश्चरे ) | ५,५०,०००/- (पाँच लाख पचास हजार मात्र) | १०००।०० | | | |
| ३ | AM/IR/22 080/081 | विज्ञापन कर | २,२०,००१ /- (दुई लाख वीस हजार एक रुपैया मात्र) | १०००।०० | | | |

शर्तहरु

१. खरिद भएका बोलपत्र/सिलबन्दी दरभाउपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारिक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी सिलबन्दी लाहा छाप गरी पेश गर्नुपर्नेछ ।

२. कार्यालयबाट बोलपत्र/सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा फर्म इजाजत पत्र, VAT दर्ता प्रमाण पत्र र आ.व २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी ) वुझाई माथि उल्लेखित मितिभित्र अर्जुनधारा नगरकार्यपालिका कार्यालय तथा अर्जुनधारा नगरपालिकाका वडा नं ३, ८ र कार्यालय बाट खरिद तथा नगरकार्यपालिकाको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र फाराम अलग अलग ठेक्काको लागि छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र/सिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

४. बोलपत्र/ सिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको एनआइसी एसिया बैक लि. शनिश्चरे स्थित धरौटी खाता नं.००९२०५०५११२५८०१८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो, सो स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

५. वोलपत्र/सिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।साथै उल्लेखित ठेक्काको दररेट कार्यालयबाट उपलब्ध गराइने बोलपत्र/दरभाउपत्र साथ सलग्न रहने छ ।

६. ठेक्का कबोल रकम एकमुष्ठ बुझाएमा VAT बाहेकको कबोल अंकमा १० (दश) प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्ताबन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको २०८१ आषाढ मसान्तसम्म अवधी भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जी दिइने छ ।

७. यससंग सम्बन्धित अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

८. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन न. ०२३-५९७००२ सम्पर्क गर्नुहोला ।

**त्रिलोचन रिमाल**
**प्रमुख प्रशासकीय अधिकृत**



# कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**यस कम्पनीको सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनीको रजिष्ट्रार कार्यालयबाट मिति २०८९/०८/१८ मा स्वीकृत भई साविक कम्पनी क्रिएटिभ रिहाविलिटेशन सेन्टर प्रा.लि. (दर्ता नं. ३२४३५७/०८०/०८१) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको क्रिएटिभ एजुकेशन सेन्टर अफ स्पेशल चाइल्ड प्रा.लि. अंग्रेजीमा Creative Education Center of Special Child Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**



# जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# प्रतिबद्धता पालना होस्

**आज बालश्रमबिरुद्धको अन्तर्राष्ट्रिय दिवस । प्रत्येक वर्ष विश्वका एक सयभन्दा बढी देशमा जुन १२ का दिन यो दिवस विविध कार्यक्रमका साथ मनाइन्छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को आह्वानमा विश्वका सबै देशमा बालश्रम अन्त्य गर्ने आह्वानमा सन् २००२ देखि यो दिवस मनाइने गरेको हो । सन् २०२५ सम्ममा सबै किसिमका बालश्रम अन्त्य गर्ने लक्ष्यका साथ मनाउन थालिएको यो दिवसले अपेक्षितरुपमा बालश्रम न्यूनीकरण गर्न सकेको छैन । अझै पनि कतिपय बालबालिका सडकमै छन्, होटल, रेस्टुरेन्ट तथा सार्वजनिक सवारी साधनमा काम गर्न बाध्य छन् । दिवसले यो बाध्यतालाई अन्त्य गर्न सकेको छैन र उनीहरुको पीडा पनि कम भएको छैन ।**

**बालबालिकालाई शारीरिक तथा मानसिक असर पर्ने गरी कुनै पनि काममा लगाउन पाइँदैन । यो दिवसको घोषणा भएयता धेरै सरकारी तथा गैरसरकारी संस्थाहरुले विविध कार्यक्रम गर्दै आएका छन् । बालबालिकाको नाममा कैयौं सभा, सम्मेलन भएका छन्, उनीहरुका अधिकार सुरक्षित गर्न अधिकारकर्मीहरुले आवाज उठाएका पनि छन् । अनि पनि नेपालमा लाखौंको संख्यामा बालबालिकाहरु घर बाहिर र कति घरेलु श्रमिकका रुपमा काम गर्न बाध्य छन् । मोटरसाइकल मर्मत गर्ने ठाउँ होस्, होटल कारखाना तथा सार्वजनिक सवारी जहाँ पनि बालश्रमिक भेटिन्छन् । हाम्रो कानूनले बालबालिकालाई इच्छाबिरुद्ध काममा लगाउन बन्देज गरेको मात्र छैन त्यसो गरिए एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ । तर, त्यसको कानूनी उपचार भने ठीक ढंगले भइरहेको छैन ।**

**आईएलओको तथ्यांक अनुसार नेपालमा पाँचदेखि १७ वर्ष उमेर समूहका १६ लाखभन्दा बढी बालबालिका इच्छा विपरीत श्रम बेच्न बाध्य छन् । ती मध्ये छ लाखभन्दा बढी जोखिमयुक्त पेशामा आबद्ध छन् । नेपालको संविधानले बालश्रम प्रयोगलाई पूर्णतया रोक लगाएको छ । संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेको नेपालले बालअधिकारप्रति प्रतिबद्धता समेत जाहेर गरेको छ । त्यसैले सरकारले संविधान र कानूनको कार्यान्वयनमा प्रभावकारी उपस्थिति देखाउनु पर्दछ । बालबालिकाको खेल्ने, पढ्ने र मनोरञ्जन गर्ने जन्मसिद्ध अधिकार कुनै पनि अवस्थामा कुण्ठित हुनुहुँदैन । बालबालिका परिवार, समाज र देशका भविष्य हुन् त्यसैले उनीहरुको सुन्दर भविष्यका लागि आवश्यक शिक्षा तथा प्राकृतिक विकासको नैसर्गिक अधिकार सुरक्षित गर्नेतर्फ तीनै तहको सरकार सजग हुनुपर्छ । त्यसका लागि महासन्धिहरुको समेत अक्षरशः पालना गरिनुपर्छ । यसले मात्र दिवसले भने जस्तै बालबालिकाको सुदूर भविष्य सुनिश्चित गर्न सकिन्छ ।**

# वातावरणको चिन्ता



**हरिबहादुर थापा**

स्वच्छ पानीमा आधारित जलस्रोतमा ठूलो सम्भावना रहेको भनिन्छ । यसको समयबद्ध र स्थलगत असमान वितरण र स्रोत परिचालनको अभावका कारण यसको विकासमा मुलुकले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन । जल उत्पन्न विपत् र जलप्रदूषणले जीविकोपार्जन, मानव स्वास्थ्य तथा वातावरण विनाशलाई बढावा दिने हुनाले अबका दिनमा यी मुद्दा जलस्रोत व्यवस्थापनका लागि चुनौतिपूर्ण हुँदै गएका छन् । गत महिना काठमाडौँ लगायत मुलुकका विभिन्न भाग वायुप्रदूषणले विश्वकै खराब स्थानको सूचीमा दर्ज हुन पुगे । लामो खडेरीको समयमा विभिन्न कारणवश मुलुकका अधिकांश भागका जङ्गलमा आगलागीका घटनाले वायुप्रदूषणको स्तरलाई ह्वात्तै बढाइदियो ।

वातावरणीय दृष्टिकोणबाट जलप्रदूषण र वायुप्रदूषणलाई मुख्य समस्या मानिँदै आएको छ । यी दुवै प्रदूषणबाट जमिनको उर्वराशक्ति र यसको गुणस्तरमा हुनजाने प्रतिकूल प्रभाव बढ्दो क्रममा रहेकाले जमिन अर्थात् भूमिको संरक्षणलाई प्राथमिकता दिइएको छ । वातावरण संरक्षणको संवेदनशीलता तथा महत्वलाई आत्मसात् गर्दै नेपालले यस सम्बन्धी कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गरेको लगभग तीन दशक भइसकेको छ । यो व्यवस्थाले औद्योगिक विकास, पूर्वाधार निर्माण तथा उत्पादनका क्षेत्रलाई मुख्य लक्ष्य ठानेर वातावरण संरक्षण, नियमन, अनुगमन तथा दण्ड सजायको समेत स्पष्ट व्यवस्था गरिएको भए पनि यसको पूर्णरूपमा कार्यान्वयन हुन अझै धेरै कठिनाइ छन् ।

संविधानतः तीन तहमा विभक्त प्रशासनिक संरक्षण, कानूनी दायित्व तथा विकास व्यवस्थापनको जिम्मेवारीबिच वातावरण संरक्षणको कार्य सैद्धान्तिक रूपमा लोकप्रिय रहे पनि हाम्रो जस्तो आर्थिक, सामाजिक संरचना र परम्परागत अभ्यास रहेको मुलुकमा यसको व्यावहारिक कार्यान्वयन पक्ष फितलो र अपजसपूर्ण रहनु स्वाभाविक नै हो । विषय जतिसुकै विश्वव्यापी महत्व र संवेदनशील रहे पनि राज्यको एकल पहल र सामर्थ्यबाट लोकतान्त्रिक राजनीतिक व्यवस्था रहेको मुलुकमा तत्कालै कानूनी प्रबन्धको पूर्ण कार्यान्वयन गराउने कुरा आफैँमा कठिन हो । यसमा सबै सरोकारवाला पक्ष तथा आमनागरिकको साथ र सहयोग अपरिहार्य हुन्छ । काठमाडौँ उपत्यकाबाट प्लास्टिकका झोलाको प्रयोग हटाउन पटक-पटकको सरकारी पहलले अझै सार्थकता पाउन सकेको छैन । यसका पछाडि विभिन्न अवरोध देखिए । तथापि पछिल्लो समय यसमा केही सुधार भने भएको छ ।

नागरिक जुन गति र तहमा जागरुक र संवेदनशील बन्दै जान्छन् त्यही गतिमा यस्ता विषय कार्यान्वयन हुँदै जाने हुन् । केही वर्षअघिसम्म सार्वजनिक स्थलमा यत्रतत्र धूमपान गर्नेको भिड देखिन्थ्यो । सार्वजनिक स्थलमा धूमपान गरिनुलाई कानूनी रूपमा दण्डनीय बनाइएको र आमरूपमा जनचेतनामा वृद्धि हुँदै गएकाले पछिल्ला वर्षहरूमा सार्वजनिक स्थलमा धूमपान गर्नेको संख्या घट्दै गइरहेको छ । यसलाई सकारात्मक परिवर्तनका रूपमा लिनु पर्छ ।

राजधानीको मुख्य भाग भएर बग्ने सभ्यता र सांस्कृतिक रूपमा समेत महत्वको बागमती नदीलाई प्रदूषणबाट मुक्त गराउन स्थानीयबासी लगायत सरोकारवाला विभिन्न पक्षबाट पहलकदमी भए पनि पछिल्लो तीन दशकमा यसको पर्यावरणीय अवस्थाले मुलुककै शिर निहुराउनुपर्ने अवस्थामा पुऱ्याइदिने जोखिम बढेको छ । पछिल्लो स्थानीय तहको निर्वाचनपछि काठमाडौँ महानगरको पहलमा यसको शुद्धीकरणका लागि भइरहेको प्रयासलाई आमजनताले सकारात्मक पहलका रूपमा साथ दिँदै सापेक्षिक सुधारको अपेक्षा गरेका छन् ।



जलवायु परिवर्तनका कारण सिर्जना हुने सम्भावित प्रतिकूल असरबाट बच्न अपनाइने अनुकूलनका विधिमध्ये वातावरण संरक्षण पनि एक मुख्य विधि हो भन्ने तथ्य आमसमुदायबीच स्थापित गराउन अझै समय लाग्ने छ । हामीले वातावरण संरक्षण गर्न सके मात्रै वातावरणले हामीलाई संरक्षण गर्ने छ भनेर विद्यालय वा कलेजस्तरका पाठ्यक्रममा समावेश गरेरै मात्र पनि त्यो लक्ष्य हासिल गर्न सहज छैन । अबका दिनमा वातावरण संरक्षणलाई आमसंस्कृति, दैनिक जीवनशैली तथा आमअभ्यासका रूपमा विस्तार नगरी राज्यको नियमन, कानूनको कार्यान्वयन स्वतः परिवर्तनको पर्खाइमा बसियो भने वातावरण सम्बन्धी थप समस्यामा पर्न जाने निश्चित छ ।

बहुचर्चित र प्राथमिकतायुक्त दिगो विकास लक्ष्यका १७ वटा विभिन्न लक्ष्यमध्ये आधाभन्दा बढी भोक, जमिन, ऊर्जा, पिउने पानी तथा सरसफाई, जलजीवन, सहकार्य, जलवायु कार्य जस्ता विषयसँग जोडिएका लक्ष्य वातावरण संरक्षणसँग प्रत्यक्ष/परोक्ष रूपमा जोडिएकाले दिगो विकासका लक्ष्य हासिल गर्न पनि वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राख्नुपर्ने जरुरी छ ।

हाम्रो मुलुकसँग जलस्रोत अथवा पानी प्रशस्त भएर पनि अहिलेको अवस्थामा स्रोत व्यवस्थापनको कठिनाई, प्रविधिको सीमितता तथा सुशासनको अभावले यसको समुचित विकास हुन नसके पनि भोलिका दिनमा यो अवसर र सम्भावना खुलै छ । तथापि जलस्रोत विकासलाई भन्दा पनि अहिले नदी प्रणाली तथा जलाशयमा बढ्दै गएको प्रदूषणलाई हामीले हल्का रूपमा लिँदै जाने हो भने भोलिका दिनमा जल प्रदूषण सम्बन्धी समस्या झन् बढ्दै, फैलिँदै र जेलिँदै गएर त्यसमाथिको हाम्रो नियन्त्रण कायम नहुने सम्भावना रहन्छ ।

तसर्थ, आजको दिनमा जलस्रोत विकासलाई भन्दा जलप्रदूषणको मुद्दालाई उच्च प्राथमिकतामा राख्नु आवश्यक छ । आयोजनाका प्रस्तावक तथा सञ्चालकले जलस्रोत आयोजना विकासका नाममा वातावरणीय अध्ययनले कानूनी प्रावधान अनुसार प्रतिबद्धता पेस गरेको तल्लो तटीय भागमा अनिवार्य छोड्नुपर्ने भनिएको जल बहावको न्यूनतम वातावरणीय प्रवाह पनि नछोड्दा तल्लो तटको समग्र वातावरणमा परेको प्रतिकूल असर हामीले परिकल्पना गरेकोभन्दा पनि अवश्य धेरै छ ।

मुलुकका नदीमा जलविद्युत्को व्यापक सम्भावना छ । हामीलाई मुख्य ऊर्जाको स्रोतका रूपमा जलविद्युत्को खाँचो छ भन्दैमा गुरुयोजना नबन्दै हरेकजसो नदी प्रणालीमा लहरै जलविद्युत् केन्द्र स्थापना गर्दा आज ती नदी प्रणाली वातावरणीय आयामले मात्रै होइन, नदी सौन्दर्य, स्थानीय जीविकोपार्जन र दिगो विकासका दृष्टिले समेत प्रश्नयोग्य भएका छन् । अझै पनि नदी प्रणालीको एकीकृत विकास गर्न जल तथा ऊर्जा आयोगले तयार गरी कार्यान्वयनको सँघारमा पुगेको नदी बेसिन योजना, जलविद्युत् गुरुयोजना तथा रणनीतिक सामाजिक, आर्थिक लेखाजोखा प्रतिवेदनलाई सबै सरोकारवालाले पूर्ण रूपमा अपनत्व लिई कार्यान्वयन गर्न सकेमा यसले जलस्रोत विकासमा सघाउन पुऱ्याउनेछ ।

जलवायु परिवर्तन र वातावरणीय दृष्टिकोणले पानीलाई जोगाउन अबका दिनमा झनै कठिनाइ र दबाब पर्ने सङ्केत देखा परिसकेका छन् । पानीको सम्बन्ध वातावरण संरक्षणका अन्य सरोकार जस्तै, जमिनको संरक्षण, वायुप्रदूषण न्यूनीकरण, वनजङ्गल तथा जैविक विविधताको संरक्षण, मानव स्वास्थ्य तथा सरसफाईको गुणस्तर कायम गर्ने जस्ता विषयसँग पनि प्रत्यक्ष जोडिएर आउने हुँदा यसको सामाजिक र आर्थिकसँगै वातावरणीय आयामका बारेमा पनि अब बहस जोडिनु सान्दर्भिक हुँदै गएको छ ।

पानीलाई प्रदूषण पार्ने काम आफैँमा दण्डनीय भनिए पनि सो अनुसार समुदायले अझै पनि यसको संवेदनशीलतालाई गम्भीरतापूर्वक लिएको छैन । हाम्रो निजी आवश्यकता मात्र होइन, राष्ट्रिय गौरवकै आयोजना भए पनि एउटा रुख कटान गर्नु पनि अक्षम्य छ, यसका लागि कानुनद्वारा नै व्यवस्थित विधि स्थापित र अभ्यास गरिँदै आएको छ । विविध आलोचना भए पनि यसैको फलस्वरूप आज मुलुकभर लगभग ४५ प्रतिशत वन क्षेत्र रहेको दाबी गरिन्छ । अहिले पनि समुदायले नदी तथा जलाशयमा फोहोरमैला फाल्ने, ढल जोड्ने कार्यलाई सामान्य मान्दै आएका छन् ।

औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानहरूले पनि प्रतिबद्धता विपरीत अप्रशोधित फोहोर पानी तथा ढललाई बिना हिचकिचाहट प्राकृतिक नदी प्रणाली तथा जलाशयमा यत्रतत्र मिसाएको देखिन्छ । यो तहको वातावरणीय अपराधलाई निरुत्साहित गर्न समुदायको सचेतनापूर्ण खबरदारी गर्न र अख्तियार प्राप्त निकायले अनुगमन गरी कानुनी कारबाहीमा निर्मम हुनै पर्छ । जलप्रदूषण गर्नु भनेको जङ्गलको रुख काट्नुभन्दा ठुलो अपराध हो भन्ने मान्यता स्थापित गरे मात्र यसको संरक्षण प्रभावकारी हुन जान्छ ।

अबका दिनमा आमसचेतनाका साथै कारबाहीको दायरा र सजायको मात्रा बढाएरै भए पनि जलप्रदूषणको डरलाग्दो भविष्यबाट मुलुक र जनजीवनलाई राहत दिनै पर्छ । वातावरण संरक्षण गर्ने पहिलो दायित्व व्यक्तिकै हो, व्यक्तिगत सरसफाइ र आचरणबाट नै त्यसको सुरुवात हुन्छ । वातावरण संरक्षण हुन नसकेमा वा नभएमा त्यसको पहिलो सिकार पनि व्यक्ति नै हो भन्ने तथ्य सबैलाई बुझाउन सरोकारवालाले कानूनी प्रावधानको मात्रै प्रतीक्षा नगरी व्यक्तिगत आचरण र आमसंस्कृतिको प्रवर्धन गर्न हस्तक्षेपकारी कार्ययोजना कार्यान्वयन गर्नु पर्छ । *गोप*

# प्रभावकारी बन्दै विद्यालय नर्स कार्यक्रम

विद्यालय औपचारिक शिक्षा हासिल गर्ने स्थान मात्र नभएर जीवनका यावत् मूल्य-मान्यता सिक्दै सामाजिकीकरणमा अभ्यस्त हुने थलो पनि हो । किताबी ज्ञानका साथै व्यावहारिक जानकारी प्रदान गर्दै विद्यालयलाई बहुआयामिक ज्ञान केन्द्र बनाउनुपर्ने आवश्यकता पछिल्लो समयमा बढेको छ । मुलुक संघीयतामा गएपछि कोशी प्रदेश सरकारले विद्यालयलाई बहुआयामिक ज्ञान केन्द्र बनाउन विभिन्न कार्यक्रम अगाडि बढाएको छ । त्यसमध्ये कै एक हो, विद्यालय नर्स कार्यक्रम । प्रदेश सरकारले प्रदेशभरीका एक सय ६० वटा सामुदायिक विद्यालयमा कार्यक्रम सञ्चालन गरेको छ । मोरङमा १९ वटा सामुदायिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालनमा रहेको स्वास्थ्य कार्यालय मोरङले जनाएको छ ।

स्वास्थ्य कार्यालय मोरङका प्रमुख डा. सुरेश मेहताका अनुसार विद्यालय नर्स कार्यक्रम सञ्चालन भएका १९ वटा सामुदायिक विद्यालयमा करिब २० हजार विद्यार्थी यसबाट लाभान्वित भएका छन् । विद्यालय नर्स कार्यक्रममा प्रतिनर्स तलबसहित अन्य सुविधामा ४० हजारको हराहारीमा प्रदेश सरकारको लगानी छ । औषधिसहित आवश्यक स्वास्थ्य सामग्रीसहित विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारले वार्षिक आट करोड रुपैयाँ लगानी गर्दै आएको छ । विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम सञ्चालनले विद्यालयमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान भएको छ ।


कार्यक्रमबाट विद्यार्थीमार्फत परिवार एवम् समुदायलाई स्वस्थ बनाउन जनचेतना जगाउने तथा स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन पुगेको अभिभावकको भनाइ छ । कार्यक्रमले नर्सले विद्यार्थी मार्फत विस्तार गरेको सचेतनाले परिवार तथा समुदायलाई स्वस्थ रहन प्रेरणा र जानकारी प्रदान गर्दै आएको छ । कलिला विद्यार्थीलाई सामान्य स्वास्थ्य शिक्षाका साथै उमेर अनुसार उनीहरूमा आउने शारीरिक तथा मनोवैज्ञानिक परिवर्तनलाई सम्बोधन गर्न नर्सहरू सहयोगी बन्दै गएका छन् । आर्थिक वर्ष २०७५/०७६ मा एक जिल्लामा एउटा विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । त्यसलाई अहिले विस्तार गर्दै लगिएको छ ।

प्रदेशको स्वास्थ्य मन्त्रालयका नर्सिङ अधिकृत आस्था थापाका अनुसार प्रदेशभरीका एक सय ६० वटा विद्यालयमा अहिले उक्त कार्यक्रम सञ्चालनमा छ । थप १३ वटा विद्यालयमा आगामी आर्थिक वर्षमा कार्यक्रम विस्तार गर्न लागेको मन्त्रालयले जनाएको छ । स्थानीय तह मातहत रहेको विद्यालयमा प्रदेश सरकारले कार्यक्रम सञ्चालन गरिरहेको भए पनि स्थानीय तहले भने कार्यक्रमलाई प्रभावकारी बनाउन बजेट वा नीति तथा कार्यक्रम बनाएको देखिन्न । प्रभावकारी रुपमा सञ्चालन हुँदै आएको यो कार्यक्रमको लागि प्रदेश सरकारसँगै स्थानीय तहको साझेदारी आवश्यक देखिएको मन्त्रालयले जनाएको छ ।

**विद्यार्थीको असल साथी नर्स**

नर्सलाई विद्यार्थीले स्वास्थ्य समस्या समाधानको केन्द्रबिन्दुको रुपमा लिएका छन् । विद्यालय नर्सले उमेर र अवस्था अनुसार स्वास्थ्य परामर्श दिने गरेकाले विद्यार्थीले आफ्नो मनको कुरा तथा कौतुहलता पूरा गर्ने व्यक्तिको रुपमा लिएका हुन्छन् । बालबालिकादेखि किशोरकिशोरीसम्मले आफ्नो पारिवारिक समस्या, स्वास्थ्य समस्या किशोर अवस्थामा आउने परिवर्तन सम्बन्धी कौतुहलता र आफ्नो मनमा लागेका हरेक कुराहरु खुलेर भन्ने व्यक्तिका रुपमा विद्यालय नर्स स्थापित भएका छन् ।

केही बालबालिकाको आमाबुबा नभएको, आमाबुबालाई उनीहरुको कुरा सुन्न समय नभएको, कतिको मिल्ने साथी नभएको र स्वास्थ्य सम्बन्धी सही ज्ञान दिएर कौतुहलता व्यवस्थापन गर्ने व्यक्ति नभएको अवस्थामा विद्यालय नर्स असल साथी बनेका छन् । नर्सका कारण विद्यार्थीको व्यवहार




परिवर्तन र स्वस्थ जीवनशैली विकास गर्न सहयोग पुगेको विद्यालयहरुले जनाएका छन् । विद्यार्थीहले स्वास्थ्यको महत्व बुझेर जन्मदिनमा केक/चकलेट बाँड्नुको साट्टो सरसफाईका लागि आवश्यक सामग्री (हेन्डवास, डस्टबिन, हर्पिक र ब्रस) र सेनेटरी प्याड जस्ता सामग्री विद्यालयमा राख्न शुरु गरेका छन् ।

**शारीरिक परिवर्तनको जानकारी**

किशोरावस्था भनेको बालकबाट वयस्क हुने अवस्था हो । यो अवस्थामा विभिन्न शारीरिक (विशेष गरेर प्रजनन अंगहरुमा) परिवर्तन आउँछ । जुन कुरा किशोरकिशोरी परिवार, साथीभाइ र शिक्षकलाई भन्न गाह्रो मान्ने गर्छन् । त्यस्तो कुरा विद्यालय नर्सलाई भन्न सहज मान्छन् । विद्यार्थीले खुलेर भन्न नसकेका धेरै जिज्ञासा तथा कौतुहलता विद्यालय नर्सले स्वास्थ्य शिक्षा दिने बेला समेट्ने गरेका छन् । त्यसैले उनीहरुलाई आफ्नो समस्याको समाधान नर्सले गर्छ भन्ने विश्वास रहेको देखिन्छ ।

विद्यार्थीलाई व्यक्तिगत सरसफाई जस्तै हात धुने, नङ काट्ने, दाँत माझ्ने, नुहाउने, यौनाङ्गको सरसफाईको बारेमा महत्व बुझाएर व्यवहार परिवर्तन गराउन पनि नर्स सहयोगी बनेका छन् । यस्तै महिनावारी हुँदा गर्नुपर्ने सरसफाइ, प्याड बनाउने, लगाउने तरिका र फोहोर प्याड व्यवस्थापन गर्ने तरिकाबारे नर्सले विद्यार्थीलाई बुझाएका छन् । विद्यालयमा नर्सको अगुवाइमा निःशुल्क सेनेटरी प्याड समेत वितरण भइरहेको छ । विराटनगर स्थित पोखरिया माविमा कार्यरत नर्स प्रतिभा बजगाईंका अनुसार किशोर अवस्थामा विद्यार्थीका धेरै स्वास्थ्य समस्या लुक्ने गरेकोमा अहिले उनीहरु खुलेर बताउने गरेका छन् । सामान्य समस्या हुनसाथ विद्यार्थीहरु आएर आफूलाई बताउने गरेको उनले बताइन् ।

**मानसिक, सामाजिक र संवेगात्मक समस्या समाधान**

प्रत्येक व्यक्ति जन्मिएदेखि नै जिम्मेवारी बहन गर्न खोज्छन् । किशोरकिशोरीमा बढ्दो परिवर्तनका कारण अझ बढी जिम्मेवारी बहन गर्न खोज्छन् । तर, हाम्रो समाज त्यो जिम्मेवारी दिन चाहँदैन । अन्ततः किशोरकिशोरी एक्लै बस्न मन पराउने, परिवारका सदस्यभन्दा साथीसँग बढी समय बिताउने र आफ्ना भावना आदानप्रदान गर्न चाहने हुन्छ । मोबाइल, इन्टरनेटमा बढी व्यस्त हुने, आमा बुबाले कुरा गर्न खोज्दा झिजो मान्ने, झर्कने, आफ्नो अस्तित्व/परिचय स्थापित गर्न खोज्ने, आत्मनिर्भर हुन खोज्ने, जोखिमपूर्ण काम गर्न खोज्नेमा हुन्छन्, किशोर र किशोरी अवस्थामा ।

त्यस्तै कुलततिर लाग्ने, यौन इच्छा र चाहनामा वृद्धि हुने, सही र गलत छुट्याउन नसक्ने, खान मन नगर्ने, सामाजिक नियम विपरित कार्य गर्न खोज्ने, प्रेम सम्बन्धमा पर्ने, पढाइ छोड्ने, यौनरोग र एचआईभी जस्ता रोग सर्ने जोखिम बढ्ने, अरुको देखासिकी गर्ने, डिप्रेसन र आत्महत्या जस्ता समस्या आउने गरेका छन् । नर्सले आफूले सिकेको ज्ञान र भोगेका अनुभव समेटेर गोपनियताका साथ आवश्यक परामर्श, सल्लाह सुझाव दिन्छन् । कसैलाई पनि भन्न नसक्ने कुरा पनि सजिलै र खुलेर भन्न सकिने रहेछ भन्ने अनुभव कोशी प्रदेशले विद्यालय नर्स कार्यक्रम लागू गरेका विद्यालयका विद्यार्थीले गरेका छन् ।

**पोषण र गुणस्तरीय खानाको जानकारी**

अहिले बालबालिका घरमा पाकएको खानाभन्दा जंकफुड मन पराउँछन् । आमाबुबा व्यस्त भएर, पैसा दिने बानी गरेर, देखासिकी गरेर, विद्यालय क्यान्टिनमा पनि सजिलै पाउने भएर, स्वास्थ्य समस्याको बारेमा नबुझेर पनि जंकफुडको प्रयोग हुन्छ । यस समस्यालाई समाधान गर्न विद्यार्थी, अभिभावक, शिक्षक, क्यान्टिन सञ्चालक सबैलाई राखेर पोषण र गुणस्तरीय खानाको बारेमा जानकारी दिएर विद्यालयमा जंकफुड निषेध गर्न नर्सहरुले भूमिका खेलिरहेका छन् ।

**नियमित स्वास्थ्य जाच र परामर्श**

विद्यालय नर्सले विद्यार्थी र शिक्षकको नियमित स्वास्थ्य जाँच गरी आवश्यक परामर्श र प्राथमिक उपचार सेवा दिन्छन् । सामान्य स्वास्थ्य समस्याको उपचार र सल्लाह विद्यालयमै सम्भव भएपछि विद्यार्थीको विद्यालयमा नियमित उपस्थिति हुने गरेको छ । सरकारी तथा सामुदायिक विद्यालयमा पढ्ने धेरैजसो विद्यार्थीको आर्थिक अवस्था पनि कमजोर हुने र उपचारबाट वञ्चित हुने भएकोले विद्यालय नर्सले त्यस्ता बालबालिकालाई पनि समेटेको छ ।

कक्षा कोठा, शौचालय, विद्यालय वरिपरि र क्यान्टिनको नियमित सरसफाई तथा फोहोर व्यवस्थापनमा पनि विद्यालय नर्सले महत्वपूर्ण भूमिका खेलेका छन् । विद्यार्थी परिवारिक, साथीभाइको संगत, देखासिकीका कारण धूमपान तथा लागूपदार्थ सेवनतिर लाग्न पुग्छन् । यस्तो कुलत नियन्त्रण गर्न विद्यालय नर्सको भूमिका महत्वपूर्ण बनेको छ । विद्यार्थीको मुख्य समस्या के हो, के कारणले उनीहरु कुलततिर लागेका हुन् भन्ने खोजी गरी परामर्श दिन आवश्यक पहल गर्ने काममा नर्स सफल भएका छन् ।

# किसानलाई बाख्रा वितरण



**बिर्तामोड, बैशाख २९।** बिर्तामोड नगरपालिकाले वडा नम्बर ६ मा बाख्रा वितरण गरेको छ ।

नगरको मेयर पकेट प्याकेज ग्रामिण बाख्रा साटासाट कार्यक्रम अन्तर्गत महिला कृषकहरुलाई बाख्रा वितरण गरिएको हो । नगर प्रमुख पवित्रा महतारा प्रसाईले याग्राङ्ग सिङ्ग कृषक समूहलाई ४५ वटा पाठी र एउटा बोयर जातको बीऊ बोका वितरण गरेकी हुन् । समूहमा रहेका १५ जनाले तीन तीन वटाको दरले बाख्रा प्राप्त गरेका हुन् ।

मेयर पकेट प्याकेज कार्यक्रम अन्तर्गत बाख्रा प्राप्त गरेको समूहले एक वर्षपछि त्यति नै संख्यामा बाख्रा अर्को समूहलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्रदान गरिएको बाख्रा वडा नम्बर ८ को किसानभिट्टा व्यवसायिक तथा पशुपालन कृषक समूहबाट उपलब्ध गराइएको हो ।

नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ यता सात सय २१ वटा बाख्रा वितरण गरिसकेको छ । साथै यस अवधिमा दुई सय ४० वटा खोर पनि निर्माण गरी दिएको छ । बाख्रा वितरण गरेपछि नगरपालिकाले खोर निर्माणसँगै बीमा, खोप, सिजनको घाँस र औषधि उपचारमा समेत सहयोग गर्दै आएको छ ।

कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले ग्रामिण महिलाहरुको आर्थिक उपार्जनका लागि सञ्चालन गरिएको बाख्रा साटासाट कार्यक्रम प्रभावकारी बनेको बताइन् ।

उनले स्थानीय सरकारको अभ्यास शुरु भएसँगै मेयर पकेट कार्यक्रम सञ्चालन भएको र बाख्रा, बंगुर साटासाट कार्यक्रमले नगरपालिकाको लक्ष्य प्राप्त गरिरहेको धारणा राखिन् । महिलाहरुले बाख्रापालन शुरु गरेपछि छोराछोरीको शिक्षा, चाडपर्व र घर खर्च चलाउन सघाउ पुगेको भन्दै नगर प्रमुख प्रसाईले बाख्रालाई राम्रो पालनपोषण गरेर मनग्य आम्दानी लिन आग्रह गरिन् ।

बिर्तामोडमा बाख्रा पालनमा १५ वटा महिला कृषक समूह रहेको पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहालले जानकारी दिइन् । उनले यस कार्यक्रम अन्तर्गत कृषकहरुले वार्षिक ६० हजारदेखि तीन लाख रुपैयाँसम्म आम्दानी गरेको जानकारी दिइन् ।

नगरले सुरुवातमा दुई लाख ६५ हजार लगानी गरेर बाख्रा खरिद गरी मेयर पकेट अन्तर्गत बाख्रा साटासाट कार्यक्रमलाई अघि बढाएको थियो । आर्थिक विकास समिति संयोजक संगीता सिवाको अध्यक्षतामा आयोजित बाख्रा वितरण कार्यक्रममा स्थानीय विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो ।

# सुर्ती बरामद



**भद्रपुर, जेठ २९।** प्रहरीले भन्सार छलेर ल्याएको धुलो सुर्तीसहित इलेक्ट्रिक ट्याम्पो र चालकलाई नियन्त्रणमा लिएर भन्सार बुझाएको छ ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा भद्रपुर नगरपालिका-३ स्थित ज्ञानेचोकमा प्र १-०१-००२ ह २१६० नम्बरको इलेक्ट्रिक ट्याम्पोलाई रोकेर चेकजाँच गरेका थिए । प्रहरीले सो ट्याम्पोमा भारतबाट अवैध रुपमा नेपाल भित्र्याइएको सात बोरा धुलो सुर्ती बरामद गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रहरीले बरामद गरिएको सुर्ती, ट्याम्पो र ट्याम्पो चालक हल्दिवारी गाउँपालिका-२ बस्ने वर्ष ४० को हरिपलाल राजवंशीलाई ६ लाख ७० हजार मूल्याङ्कन तोकेर भद्रपुर भन्सार कार्यालय बुझाइसकेको छ । ट्याम्पो चालक राजवंशीले एक लाख ७० हजार धरौटी बुझाएर छुटेको जनाइएको छ ।

# केर्खामा आधारभूत पत्रकारिता तालिम



**कमल, जेठ २९।** कमल गाउँपालिकाको केर्खामा सञ्चालित आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ ।

कुइनेटो मिडिया प्रालिको आयोजना तथा कमल-३ नम्बर वडा कार्यालयको आर्थिक सहयोग तथा नवोदय बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा सञ्चालित तालिम सम्पन्न भएको हो । जेठ २६ गतेबाट शुरु भएको तालिममा कमल-३ मा रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा १० देखि १२ सम्म अध्ययनरत् २५ जना विद्यार्थी सहभागी थिए ।

तालिममा सहभागी विद्यार्थीलाई हिमशिखर टेलिभिजन तथा रेडियो हिमशिखरका सुदीप अधिकारी र महेन्द्ररत्न माध्यमिक विद्यालय कमल-२ का शिक्षक विष्णुप्रकाश निरौलाले प्रशिक्षण दिएका थिए ।

कुइनेटो मिडिया प्रालिका अध्यक्ष तथा कार्यकारी सम्पादक उमानाथ भण्डारीको अध्यक्षतामा तालिम समापन कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले तालिममा सिकेका कुरालाई व्यवहारमा प्रयोग गर्न सहभागीलाई अनुरोध गरिन् ।

कार्यक्रममा वडा नम्बर ३ का वडाध्यक्ष अग्निप्रसाद कोइराला, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी र सहभागीकातर्फबाट अनुप गजुरेल र सविना शिवाकोटीले बोलेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई तथा पूर्वाञ्चल दैनिकका व्यवस्थापक चन्द्रकान्त ढकालको समेत उपस्थिति रहेको थियो । कार्यक्रम उमेश पोखेलले सञ्चालन गरेको थिए भने मधुसुदन अधिकारीले स्वागत गरेका थिए ।

# बोटानिकल गार्डेनमा वृक्षरोपण



**पथरीशनिश्चरे, जेठ २९।** मोरङको पथरीशनिश्चरे-१ को आयोजनामा रत्नहरित बोटानिकल गार्डेनमा वृक्षरोपण गरिएको छ ।

यलम्बर, रत्न चोक, बुद्धचोक र पथरी बहुमुखी क्याम्पसबीचको खाली रत्नहरित बोटानिकल गार्डेनमा वृक्षरोपण गरिएको हो । वन तथा वातावरण संरक्षणमा सघाउ पुऱ्याउने उद्देश्यले वृक्षरोपण गरिएको वडाध्यक्ष भीमकुमार राईले बताए ।

आँप, लिची, मसला, शिरिष लगायत विभिन्न प्रजातिका पाँच सय बिरुवा रोपिएको वडाध्यक्ष राईले जानकारी दिए । नजिकै यलम्बर चोक र रत्न चोक रहेको उक्त खाली जग्गामा रत्नहरित बोटानिकल गार्डेन नामले नगरको आकर्षक पर्यटक स्थल निर्माण गर्नुपर्ने आवाजहरु उठिरहेको छ ।

कार्यक्रममा पथरी बहुमुखी क्याम्पस प्रमुख शान्तिराम तिम्सिना, प्राध्यापक, स्ववियु सभापति केशर राईको नेतृत्वमा विद्यार्थीहरु, सुनाखरी मावि विद्यालय सञ्चालक समिति अध्यक्ष प्रदिपकुमार राई, शान्ति सामुदायिक वन समितिको अध्यक्ष कुलमणि गुरुङ लगायत टोली, विभिन्न संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । त्यस्तै, वडा सदस्यहरु सुरेश कार्की, बसन्ती गुरुङ, वडाका कर्मचारीहरु लगायतले वृक्षरोपण गरेका हुन् ।

# २५२ जना विद्यार्थीलाई छात्रवृत्ति


**चारआली, जेठ २९।** शहीद दशरथ चन्द मावि चारआलीले एक कार्यक्रमका बीच दुई सय ५२ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ ।

कक्षा ११ र १२ का ५३ जना गरीब तथा जेहेन्दार विद्यार्थीलाई मेचीनगर नगरपालिकाबाट प्राप्त जनही तीन हजारका दरले एक लाख ५९ हजार बराबरको शहीद विरेन राजवंशी छात्रवृत्ति वितरण गरिएको थियो । त्यसैगरी एक सय ४८ जना छात्रालाई जनही चार सय रुपैयाँका दरले वितरण गरिएको थियो । त्यस्तै ३७ जना दलित र १४ जना सिमान्तकृत विद्यार्थीलाई समेत जनही चार सयका दरले छात्रवृत्ति वितरण गरिएको विद्यालयका शिक्षक प्रतिनिधि टेकेन्द्र ढकालले जानकारी दिए ।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदारबहादुर बुढाथोकीको सभापतित्वमा भएको कार्यक्रममा स्वागत प्रधानाध्यापक लेखनाथ पौडेलले गरेका थिए । मेचीनगर सामाजिक विकास समितिका सयोजक हृदयसिंह राजवंशीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा मेचीनगर शिक्षा शाखाका प्रमुख होमनाथ भण्डारी लगायतको सहभागिता रहेको थियो ।


**शोवर्मा पारखीहरूका लागि**
**योमनी शोवर्मा पोइन्ट अब बिर्तामोडमा**



**सम्पर्क**
**शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ**
**मोबाइल : ९८१४०२१५१७**

**प्रमाणपत्र हराएको सूचना**

झापाको बिर्तामोडबाट धुलाबारी जानेक्रममा मैले NEB बाट २०७९ मा कक्षा १२ उत्तीर्ण गरेको २०४०८३५५ सिम्बोल नं. को माइग्रेसन प्रमाणपत्र हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिन अनुरोध गर्दछु ।

**नाम : दिल्सा तामाङ**
**ठेगाना : मेचीनगर-१०, झापा**
**सम्पर्क : ९७६९७६१४६**

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



| बिर्तामोड सम्पर्क | दमक सम्पर्कः |
|---|---|
| राजुकुमार श्रेष्ठ | देवी सिटौला |
| ९८५२६४६००५, ९८०६०१०४१० | ९८२४९७९१८५, |
| ९८४२६३४६२, ०२३-५४६००५ | ९८४२७६०२६५, |
| | ९८४२३३२४३० |

**झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।**

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : **निशान्त-**
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।


**सम्पर्क :**
**९८०४९५४४००**
**९८६६२४२४६६**
**अर्जुनधारा नपा- ४, झापा**


# पाठेघरको मुखको क्यान्सर सम्बन्धी जानकारी

**१**

पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) भनेको पाठेघरको मुखको कोषिकाहरु अनियन्त्रित, असामान्य र अनावश्यक रुपले वृद्धि हुनु हो । नेपालमा पाठेघरको मुखको क्यान्सर महिलाहरुमा हुने क्यान्सरमध्ये पहिलो स्थानमा पर्दछ । पाठेघरको मुखको क्यान्सरको कारणले धेरै महिलाहरुले अकालमै ज्यान गुमाउने गरेका छन् । समयमा पत्ता लागेमा यो रोगको उपचार हुन्छ र यसको रोकथाम गर्न सकिन्छ । एक पटक मात्रै पनि यौन सम्पर्क भएका ३० देखि ६० वर्ष उमेरका सबै महिलाले आफूलाई केही समस्या नभए पनि VIA परीक्षण गराउनु पर्दछ ।

- पाठेघरको मुखको क्यान्सरको मुख्य कारण "ह्युम्यान प्यापिलोमा भाइरस" Human Papilloma Virus (HPV) को संक्रमण हो । यो जीवाणु यौन सम्पर्कबाट सर्दछ ।
- Visual Inspection with Acetic Acid (VIA) : बिर्तामोड नगरअस्पतालमा यस प्रबिधिबाट पाठेघरको मुखको क्यान्सरको परिक्षण निःशुल्क उपलब्ध छ ।
- यो परीक्षण गर्दा दुख्दैन र शरीरलाई कुनै नराम्रो असर गर्दैन ।




**२ पाठेघरको मुखको क्यान्सरको जोखिम**

- योनि वा योनिमार्गको संक्रमण हुनु
- धेरै जनासंग यौनसम्पर्क राख्नु
- २० वर्षभन्दा अगाडि विवाह वा असुरक्षित यौनसम्पर्क हुनु
- २० वर्षभन्दा अगाडि बच्चा जन्माउनु
- धेरै बच्चा जन्माउनु
- पटक पटक गर्भपतन गराउनु
- धुम्रपान/मद्यपान गर्नु
- महिलाहरुमा HIV संक्रमण हुनु
- महिलाहरुमा कुपोषण हुनु
- पाठेघरको मुखमा ५% एसिटिक एसिड (Acetic Acid) लगाई VIA परीक्षण गर्नु पर्दछ । यसको नतिजा तुरुन्तै थाहा पाउन सकिन्छ ।



**३ पाठेघरको मुखको क्यान्सरको मुख्य लक्षणहरु**

- योनिबाट अनियमित रगत बग्नु
- योनिबाट सेतो गन्हाउने पानी बग्नु
- तल्लो पेट दुखिरहनु
- दिसापिसाब गर्दा अप्ठ्यारो हुनु
- महिनावारीको बिचमा वा महिनावारी रोकिसकेको महिलाहरुमा फाट्टफुट्ट रगत देखिनु
- यौन सम्पर्क गर्दा दुख्नु, रगत देखिनु
- तौल घट्दै जानु
- क्यान्सर अरू अंगहरूमा फैलिएको अवस्थामा फैलिएको अंग अनुसार लक्षण देखिन्छ जस्तैः खुट्टा सुन्निनु, ढाड/कम्मर दुख्नु, खोकी लाग्नु आदि ।

क्यान्सरको शंका लागेमा थप परीक्षण र उपचारको लागि सेवा उपलब्ध भएको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला ।

**४ पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच (Screening)**

३० वर्ष उमेर भन्दा माथिका सबै महिलाहरुले नियमित रुपमा पाठेघरको मुखको प्रारम्भिक जाँच गराउनु पर्दछ र HIV संक्रमित महिलाहरुले २५ वर्ष को उमेरबाट नै नियमित प्रारम्भिक जाँच गराउनु पर्दछ । पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच निम्न विधिहरुबाट गर्न सकिन्छ ।

- पाठेघरको पानीको परीक्षण (PAP SMEAR)
- एच.पी.भी. (H.P.V) डी.एन.ए. (D.N.A) को परीक्षण ।

**VIA Negative Cervix:**

१. पाठेघरको मुखमा VIA परीक्षण गर्दा सेता टाटाहरू देखिएमा VIA negative भनिन्छ। यो सामान्य अवस्था हो ।
२. HPV बाट पाठेघरको मुखमा संक्रमण हुन लामो समय लाग्ने हुनाले प्रत्येक ५ वर्षमा VIA परीक्षण गराउनु जरूरी छ ।

**VIA positive cervix - Picture**

१. VIA परीक्षण गर्दा पाठेघरको मुखमा सेता टाटाहरु देखिएमा VIA positive भनिन्छ । तर सेता टाटाहरु देखिनु नै क्यान्सर होइन । यसलाई समयमा नै उपचार गरेमा पूर्णतया निको पार्न सकिन्छ।
२. VIA Positive देखिएमा Cryotherapy / Thermocoagulation विधिबाट यसको उपचार गरिन्छ । यी उपचारहरुबाट पाठेघरको मुखमा भएका सेता टाटाहरु हटाइन्छ ।
३. उपचारपछि यौन अङ्ग सधैं सफा र सुख्खा राख्नु पर्दछ ।
४. उपचार गरेपछि ४ हप्तासम्म यौन सम्पर्क राख्नु हुँदैन ।
५. उपचारपछि १ महिनामा र ३ महिनामा follow-up र १ वर्षपछि पुनः VIA परीक्षण गराउन स्वास्थ्य संस्था आउनुपर्छ ।
६. VIA Positive देखिएपछि उपचार नगरेमा पाठेघरको मुखको क्यान्सर हुन सक्छ।

**५ पाठेघरको मुखको क्यान्सरबाट बच्ने**

- एच.पी.भी. विरुद्धको खोप लगाउने
- नियमित रुपमा पाठेघरको मुखको परीक्षण गराउने
- महिनावारी स्वास्थ्य र सरसफाईमा ध्यान दिने
- २० वर्ष उमेर पूरा भएपछि मात्र विवाह गर्ने र बच्चा जन्माउने
- सुरक्षित यौनसम्पर्क राख्ने
- धेरै जनासँग यौनसम्पर्क नराख्ने
- धुम्रपान/मद्यपान नगर्ने
- पाठेघर/यौन सम्बन्धी कुनै समस्या देखापरेमा समयमै उपचार गराउने ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आज अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आज तपाईले नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, आज तपाईको मन खिन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मन प्रशन्न रहला, धन, स्वास्थ्यलाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आजको दिन फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, प[redacted]भे) -** लामो दुरीको यात्रा हुनेछ, भा[redacted]थ दिनेछ, कार्यसिद्धीको योग परेको छ, [redacted] मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन हुनाले मन प्रशन्न रहला ।